# प्रेस विज्ञप्ति

२०७३ असार ३० गते बिहिबार । राष्ट्रिय सूचना आयोगले आफ्ना समसामयिक गतिविधिका सम्बन्धमा जानकारी दिन पत्रकार सम्मेलनको आयोजना गऱ्यो । सो कार्यक्रममा सूचना आयुक्त एवम् आयोगका प्रवक्ता यशोदा तिम्सिनाले नेपाल वायुसेवा निगमले खरिद तथा अनुदानमा ल्याउने/ल्याएको चिनियाँ हवाइजहाज सम्बन्धी दुई देश/पक्षबीच भएका सम्झौताहरु, त्यस सम्बन्धी भएका पत्राचार र यी जहाजहरु नेपालको लागि अनुकूल भए नभएको सम्बन्धमा सुझाव दिन गठित प्राविधिक समितिले पेश गरेको प्रतिवेदनका प्रतिलिपिहरु सूचना मागकर्तालाई दिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका नाममा आदेश जारी भएको बताउनु भयो । यसैगरी आयुक्त तिम्सिनाले जिल्ला विकास समितिको कार्यालय, मकवानपुरलाई सो कार्यालयले ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य वस्तुको वातावरणीय प्रभाव अध्ययन गरेको, ठेक्कपट्टा लगाएको र यस सम्बन्धी गतिविधिको विवरण सूचना मागकर्तालाई दिन आदेश जारी गरेको पनि बताउनु भयो । उहाँले २०७१ पुष ३० गते आयोगका पदाधिकारीहरुले पद बहाली गरे उप्रान्त २०७३ जेठ मसान्तसम्ममा विभिन्न केशमा आयोगबाट १,५३७ वटा आदेश जारी भएको जानकारी दिनुभयो ।

सूचना आयुक्त तिम्सिनाले आयोग र 'गभरनेन्स फेसिलिटी' बीच तीन वर्षे सहयोग आदान-प्रदानमा हस्ताक्षर भएको कुरा बताउनुभयो । उक्त सम्झौता अनुसार आयोगलाई करिव आठ करोड रुपैयाँ सहायता रकम प्राप्त हुनेछ र यसबाट आम नागरिकलाई सूचना माग गर्न सशक्तीकरण गर्ने, सूचना प्रवाह गर्ने निकायहरुलाई उत्प्रेरित गर्ने र यस क्षेत्रको क्षमता अभिवृद्धिमा खर्च गरिने कुरा बताउनु भयो । साथै उहाँले आयोगले पचहत्तरै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई ३ बुँदे अधिकार प्रत्यायोजन गरेको बताउनु भयो । जसअनुसार प्रमुख जिल्ला अधिकारीहरुले आ-आफ्नो जिल्लामा कार्यरत सरकारी कार्यालयहरुलाई ३/३ महिनामा अनिवार्य रुपमा स्वतः प्रकाशन गर्न, सूचना अधिकारी तोक्न र सूचना माग एवम प्रवाहको छुट्टै अभिलेख राख्न आदेश दिन सक्नेछन् ।

यसै गरी आयुक्त तिम्सिनाले नेपाल राष्ट्र बैंक र उक्त बैंकको अनुमतिमा संचालित २३८ वटा बैंक तथा वित्तिय संस्थाका नाममा ३/३ महिनामा स्वतः प्रकाशन गर्न, सूचना अधिकारी तोक्न र सूचना माग र प्रवाहको छुट्टै अभिलेख राख्न ३ बुँदे आदेश जारी गरिएको कुरा बताउनु भयो । साथै उहाँले बीमा समिति र उक्त समितिको अनुमतिबाट संचालित २८ वटा निकायमा पनि यसै किसिमको आदेश जारी गरिएको बताउनु भयो । उहाँले सूचनाको हकको प्रभावकारी प्रचलनका लागि समाज कल्याण परिषद्मा आवद्ध गैर सरकारी संघ-संस्था र नेपाली सेनासँग छुट्टछुट्टै रुपमा गहन छलफल भएको पनि बताउनु भयो । यसैगरी आयोगबाट २०७३ जेठ र असार महिनामा इलाम, पाल्पा, गोरखा, धनकुटा, जाजरकोट, बाँके, मकवानपुर, मुगु, काभ्रेपलाञ्चोक र ललितपुर लगायतका जिल्लामा कार्यालय प्रमुख, सूचना अधिकारी, सूचनाको हकको अभियन्ता, संचारकर्मी, नागरिक समाजका अगुवा लगायतसँग सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनका लागि अन्तरक्रिया भएको जानकारी दिनुभयो । साथै उहाँले आयोगले प्रेस काउन्सिलसँगको सहकार्यमा संचारकर्मीसँग सूचनाको हकको प्रचलनमा छलफल गरेको पनि बताउनु भयो । उक्त पत्रकार सम्मेलनमा प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा र आयुक्त किरण पोखरेलले पनि संवाददाताका प्रश्नहरुको जवाफ दिनुभएको थियो ।

वेदनिधि अधिकारी

सहायक प्रवक्ता तथा उप-सचिव